**मिति २०७६ पौष २१ गते बसेको चौथो नगरसभा (हिउँदे अधिवेशन) मा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरु**

१. मालाखेती अस्पतालको दरबन्दी सम्बन्धमा ।
२. आर्थिक ऐन, २०७६ को सवारी कर सम्बन्धमा दस्तुर संसोधन सम्बन्धमा ।
३. गो.न.पा. २ मा रहेको बसपार्कको जग्गा भोगाधिकार सम्बन्धमा
४. गो.न.पा. २ मा रहेको लामीताल परिसर क्षेत्र भोगाधिकार सम्बन्धमा ।
५. आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को बेरुजु नियमित गर्ने सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिका अर्न्तगतको मालाखेती अस्पतालको तपशिल बमोजिको दरबन्दी स्विकृत गर्ने निर्णय गरियो ।

**देहाय :**

| **क्र.सं.** | **साविक दरबन्दी** | **संशोधन गरि कायम गर्ने पद** | **सेवा करार थप गर्ने पद (आन्तरिक)** |
|---|---|---|---|
| १. | हलुका सवारी चालक - ६ जना | हलुका सवारी चालक -२ जना<br>कार्यालय सहयोगी -२ जना<br>कुचीकार -२ जना | कुचीकार -३ जना<br>चौकीदार -१ जना |

**निर्णय नं.२ :** यस गोदावरी नगरपालिकाबाट जारी भएको आर्थिक ऐन २०७६/०७७ को अनुसूची ३ सवारी साधन करको सि.नं. ३ र ४ मा देहाय बमोजिम संसोधन गरी देहाय बमोजिमको दस्तुर कायम गर्ने निर्णय गरियो ।
१. ई-रिक्सा दर्ता शुल्क रकम रु. १,५००/- र नविकरण शुल्क रकम रु. ७५०/-
२. अटो रिक्सा ईन्धनबाट चल्ने दर्ता शुल्क रकम रु. २,०००/- र नविकरण शुल्क रु. १,०००/-

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिका वडा नं. २ स्थित बसपार्कले (डि.पि.आर भित्र) ओगटेको ऐलानी जग्गा गोदावरी नगरपालिकाको नाममा भोगाधिकारको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस गोदावरी नगरपालिका वडा नं. २ स्थित दुर्गालक्ष्मी सामुदायिक वन उपभोक्ता समिति अर्न्तगत रहेको लामीताल परिसरले ओगटेको क्षेत्रलाई पर्यटकीय रुपमा विकास गर्न तथा तालको संरक्षण तथा प्रर्वद्धन गर्न गोदावरी नगरपालिकाको नाममा भोगाधिकारको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस गोदावरी नगरपालिकाको कार्यापालिका बैठकबाट पेश भएको आ.व. २०७३/०७४ र २०७४/०७५ को म.ले.प. प्रतिवेदनको विभिन्न दफाको देहाय बमोजिमको बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै अव उपरान्त यस्ता प्रकृतीका कार्य नदोऱ्याउने गरी प्रक्रिया र प्रचलित कानूनको पूर्ण परिपालना तर्फ ध्यान दिन कार्यपालिका र सम्वद्ध कर्मचारीलाई निर्देशन सहित सचेत गराउने समेत निर्णय गरियो ।

**क) आ.व. २०७३/०७४**

१. दफा ६ भ्याट बिल समावेश हुनुपर्नेमा पान बिल समावेश गरी ग्रिल खरिद वापत खर्च लेखेको रु. ६१,८५५/-

२. दफा ७ दरभाउ पत्र नलिई सेती ह्युमपाईप उद्योगबाट ह्युमपाईप खरिद गरेको रु. ४,८८,३१८/-

३. दफा ११ मु.अ.कर विजक मार्फत खरिद गर्नुपर्नेमा निलम न्यूज स्टेश्नरी पसलबाटको पान बिल समावेश गरी मसलन्द वापत खर्च लेखेको रु. १,१४,२००/-

**ख) आ.व. २०७४/०७५**

१. दफा ४४ हलुडे खानेपानी योजनाको सर्भे गरेकोमा शिर्षक फरक परी सिचाई पोखरी निर्माण गरेकोले सर्भे खर्च अशुल हुनुपर्ने भनिएको रु. ६६,९७५/-

२. दफा ४७ मेसिनबाट ग्राभेल मेटरियल निकाल्दा लाग्ने लागतको तुलनामा मानिसबाट एब्जभेसन गरी निकाल्दा बढी लागत व्ययभार देखिएको रु. ३५,९२,४९९/-

३. दफा ४८ कार्यालयको जग्गा खरिद विषय छानविन गरी नियमित हुनुपर्ने भनिएको रु. ५,२५,००,०००/-

४. दफा ५२ वडा नं. ७ ठुला हल्दु शान्ति टोल क्लवको चौर नजिक राम बहादुर कोली अध्यक्ष रहेको डिप ट्वुवेल निर्माण उ.स.का.नामको अशुल गर्ने बेरुजु रु. १११७९७/९९

५. दफा ५४ वडा नं. ५ नहर टोल कल्भर्ट निर्मणमा भ्याट लाग्ने बस्तुको बढी मुल्यांकन गरी थप व्ययभार पारेको खर्च नियम संगत नभएको भनिएको रु. १,५४,५१४/३८

६. दफा ७८ तेस्रो पक्ष बिमा नगरी टिप्पर दुर्घटनामा मृत्यु भएकालाई क्षतिपुर्ति स्वरुपको रकम भुक्तानी गरी नगरपालिकालाई थप व्ययभार पर्न गएको खर्च नियमित नदेखिएको भनि कायम भएको रु. ५,००,०००/-

७. दफा ८९ खुला दिशामुक्त कार्यक्रममा ट्वाईलेट रीङ्ग र ढकनी फरक दरमा खरिद गरी बढी भुक्तानी रकम अशुल गर्ने रु. ३६,०००/- र भ्याट बिल समावेश नगरी खर्च लेखेको रु. ६,९०,०००/-

८. दफा ९२ प्रतिस्पर्धा वेगर गत वर्षको दरमा सेती ह्युमपाईप उद्योगबाट खरिद गरिएको रु. ३४,९८,२५४/-

९. दफा १०९ फरक फरक दरमा ओ.पि.डि टिकट छपाई गरी बढी दरमा खरिद गरेको नियम संगत नभएको भनिएको रु. ३९,८३२/५०

१०. दफा ११० (क) सिलबन्दी दरभाउको माध्यमद्धारा खरिद गर्नुपर्नेमा सोझै खरिद गरी नगरपालिकालाई बढी व्ययभार पारेको खर्च नियमित नदेखिएको भनीएको रु. ६८,६६८/-

११. दफा ११० (ख) मालाखेती अस्पतालको औषधी खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रियाहरु नअपनाई सोझै खरिद गरी खर्च गरेको रकम नियमित नदेखिएको भनी औल्याएको रु. ८,९३,७३१/६५